मितिः २०७७-१२-२३

## प्रेस विज्ञप्ति

खुमलटार, ललितपुर

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को ४४ औं प्राज्ञसभा आज मिति २०७७ चैत्र २३ गते सोमवारका दिन सम्माननीय प्रधानमन्त्री एवम् यस प्रतिष्ठानका कुलपति श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटारमा बस्यो।

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवम् प्रतिष्ठानका सहकुलपति श्री कृष्ण गोपाल श्रेष्ठज्यू लगाएत जम्मा ३६ जना प्राज्ञसभा सदस्यहरुको समुपस्थितिमा सम्पन्न उक्त प्राज्ञसभाले मुलतः आर्थिक वर्ष २०७६/ ०७७ मा प्रज्ञा-प्रतिष्ठानबाट सम्पन्न गरिएका कार्यहरुको प्रगति विवरण सहितको बार्षिक प्रतिवेदन अनुमोदन गर्ने, आर्थिक वर्ष २०७५/०७६ को लेखापरिक्षण प्रतिवेदनमा औंल्याइएका विषयहरु उपर व्यवस्थापन परिषदले आवश्यक कार्यवाही गर्ने, चालु आर्थिक वर्ष २०७७/०७८ को कार्यक्रमहरु संचालनका लागि नेपाल सरकारको अनुदान स्वरुप प्राप्त रु. ३९ करोड ८ लाख, वैदेशिक तथा अन्य सहयोग बाट प्राप्त रु. २१ लाख ९५ हजार तथा आन्तरिक श्रोतबाट प्राप्त रु. ७० लाख समेत कुल जम्मा ३९ करोड, ९९ लाख ९५ हजारको प्रस्तावित कार्यक्रम बजेट लाई स्वीकृति प्रदान गर्ने, साथै यस प्रज्ञा-प्रतिष्ठानद्वारा २०७७ सालमा नै प्रदान गरिसक्नुपर्ने विभिन्न ११ विधाका पुरस्कारहरु सम्बन्धमा यस प्रज्ञा-प्रतिष्ठानको ब्यबस्थापन परिषदको सिफारिस बमोजिम स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।

त्यसैगरि उक्त प्राज्ञसभाले यस प्रज्ञा प्रतिष्ठानको प्रदेश तहमा विशिष्टता सहितको अनुसन्धान केन्द्र स्थापना एवं सञ्चालन नियमावली सम्बन्धी मस्यौदालाई २ महिना भित्र परिमार्जन गरि ४५औं प्राज्ञ सभामा पेश गर्ने , समृद्धिका लागि नवप्रवर्तन कार्यक्रम अन्तर्गत प्रविधिको विकास तथा अनुसन्धानका लागि वितरण गरिने अनुदान सम्बन्धी कार्यविधि-२०७६ लाई ब्यवस्थापन परिषदको शिफारिस बमोजिम संशोधन गर्ने साथै यस प्रज्ञा प्रतिष्ठानद्वारा प्रत्येक २ वर्षमा रु.१ लाख प्रदान गर्ने गरि नीजि क्षेत्रको तर्फबाट **"काजी- इन्द्र कटुवाल कृषि पुरस्कार"** स्थापना गर्न स्वीकृति प्रदान गर्ने समेत निर्णय गरेको छ।

राष्ट्रिय गानका साथ सुरु गरिएको उक्त प्राज्ञसभाको प्रारम्भमा नै सम्माननीय प्रधानमन्त्री एवम् यस प्रतिष्ठानका कुलपति श्री के.पी. शर्मा ओलीज्यूको प्रस्तावमा ४३ औं प्राज्ञसभा पश्चात दिवंगत हुनुभएका प्राज्ञसभा सदस्य प्रा.डा. राम मान श्रेष्ठ लगाएत प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति एवं प्राज्ञ प्रा.डा. केदारलाल श्रेष्ठज्यू तथा प्राज्ञ प्रा. डा. विस्वनाथ प्रसाद अग्रवालज्यू प्रति हार्दिक श्रद्धाञ्जली तथा शोक

सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना सहितको शोक प्रस्ताव पारित गर्ने समेत निर्णय गरियो। दिवंगत प्राज्ञज्यूहरुको सम्झनामा सभामा एक मिनेट मौन धारण समेत गरिएको थियो।

उक्त सभामा सम्माननीय प्रधानमन्त्री एवम् प्रज्ञा प्रतिष्ठानका कुलपतिज्यूले अध्यक्षको आसनबाट प्रतिष्ठानलाई बदलिएको वर्तमान सामाजीक, आर्थिक र राजनितिक परिस्थिति अनुरुप २१ सताब्दीका चुनौतिहरुलाई सामना गर्ने गरि प्रज्ञा-प्रतिष्ठानका कार्यक्रमहरु तय गरि अघि बढन निर्देशन दिनुभयो। साथै, उहाँले विद्वान एवं सम्वृद्ध पुर्खाका सन्ततिको रुपमा हामीले हाम्रा पुराना ज्ञान र प्रविधिलाई संरक्षण गर्दै, उदीयमान प्रविधिहरुको नविन प्रयोगमा केन्द्रित हुनुपर्ने विषयमा समेत जोड दिनु भयो।

प्राज्ञसभाका उपाध्यक्ष माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूले आफ्नो मन्तव्यको क्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ( नास्ट) जस्तो अग्रणी संस्था लगायत यस क्षेत्रमा क्रियाशील हरेक ब्यक्ति वा संस्थाले आफुलाई नयाँ स्वरुपमा परिवर्तित गरि देशको सम्वृद्धिको वाहक हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

उक्त सभामा प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. सुनिल बाबु श्रेष्ठज्यूले आफ्नो स्वागत मन्तब्य मार्फत सभामा विषय प्रवेश गराउनु भएको थियो। मन्तब्यको क्रममा उहाँले यस प्रज्ञा प्रतिष्ठानको उद्देश्य परिपूर्तीका लागी "**समाजका लागी विज्ञान -सम्वृद्धिका लागी नव-प्रवर्तन**" अभियानलाई केन्द्रमा राखी देशका यूवा जनशक्तिको भरपुर उपयोग तथा उध्यमशीलताको प्रवर्धन गर्दै यस प्रज्ञा प्रतिष्ठानको विकास र विस्तार गर्ने भावी कार्यदिशा रहेको जानकारी गराउनुभएको थियो।

नेपालको संविधान २०७२ को प्रावधान बमोजिम देश संघिय संरचनामा गइसकेको सन्दर्भमा सातै प्रदेशमा एक- एक वटा यस प्रतिष्ठानका विधागत उत्कृष्ट अनुसन्धान केन्द्रहरु " Centers of Excellence" , राष्ट्रिय विज्ञान, प्रविधि, नवप्रवर्तन ज्ञान केन्द्र (National STI Knowledge Center), प्रतिष्ठान अन्तर्गत एक Deemed University, प्रविधि परिक्षण एवं सर्टिफिकेसन केन्द्र (Technology Testing and Certification Center) स्थापना गर्नुका साथै लोबुचे स्थित पिरामिड प्रयोगशालालाई अन्तर्राष्ट्रिय उच्च पर्वतीय अनुसन्धान केन्द्रमा रुपान्तरण गरि सञ्चालनमा ल्याउने योजना रहेको बताउनु भएको थियो। उहाँले प्रज्ञा-प्रतिष्ठानको खुमलटार स्थित कार्यालयको परिसर भित्र विज्ञान उद्यान ( Science Park) तथा यस प्रज्ञा-प्रतिष्ठानको खुमलटार, ललितपुर स्थित केन्द्रिय कार्यालय देखि गोदावरी बनस्पति उद्यान सम्मको सडकको वरपरका क्षेत्रलाई एक विज्ञान सहर( Science City) को रुपमा विकास गर्ने अवधारणा समेत प्रस्तुत गर्नुभयो। यी महत्वाकांक्षी जस्ता देखिने तर दुरगामी महत्वका योजनाहरुमा नेपाल सरकार लगाएत सरोकारबाला सम्पूर्ण संघ-संस्थाहरुको सकारात्मक सहयोगको अपेक्षा राखेको बताउनु भयो।

प्रतिष्ठानका प्राज्ञसभा सदस्यज्यूहरुले विविध विषयहरु माथी आफ्नो अवधारणा प्रस्तुत गर्नु भएको उक्त सभामा सभाध्यक्षको स्वीकृति लिई प्रतिष्ठानका सचिव डा. महेश कुमार अधिकारीज्यूले कार्यसुची अनुसार सभा संचालन गर्नु भएको थियो। प्रज्ञा प्रतिष्ठानका प्राज्ञ एवं प्राज्ञसभा सदस्य प्राज्ञ प्रा.डा. अञ्जना सिंहज्यूले सभामा उपस्थित सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीज्यू लगायत सम्पूर्ण प्राज्ञसभा सदस्यज्यू हरुलाई सभामा उपस्थिति तथा सक्रिय सहभागिताका लागी प्रतिष्ठानका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको उक्त ४४औं प्राज्ञसभाले २०७७ सालका लागी विज्ञान प्रविधिका ११ भिन्न विधाहरुमा निम्नलिखित १७ व्यक्ति वा संस्थाहरुलाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ।

| क्र. सं. | पुरस्कारको किसिम | पुरस्कारका लागी छनौट हुनु भएका व्यक्ति वा संस्थाहरु |
|---|---|---|
| १ | प्रकृति संरक्षण पुरस्कार | विश्व वन्यजन्तु कोष, नेपाल (WWF, Nepal), काठमाण्डौ |
| २ | कुलपति राष्ट्रिय नवप्रवर्तन पुरस्कार | राष्ट्रिय आविष्कार केन्द्र, किर्तिपुर, काठमाण्डौ |
| ३ | विज्ञान पुरस्कार | डा. उत्तम बाबु श्रेष्ठ, ग्लोबल इन्स्टच्युट फर इन्टरडिस्सीप्लीनरी स्टडिज, काठमाण्डौ |
| ४ | प्रविधि पुरस्कार | डा. शेर बहादुर पुन, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु, काठमाण्डौ |
| ५ | विज्ञान तथा प्रविधि युवा पुरस्कार | डा. भेषराज थापा, युनिभर्सल इञ्जिनियरिङ कलेज, ललितपुर |
| ६ | विज्ञान तथा प्रविधि युवा पुरस्कार | डा. सुनिता गौतम, शिखर बायोटेक प्रा.लि., ललितपुर |
| ७ | विज्ञान तथा प्रविधि युवा पुरस्कार | डा. आनन्द मिश्र, कृषि अनुसन्धान निर्देशनालय, प्रदेश नं. २ |
| ८ | विज्ञान तथा प्रविधि युवा पुरस्कार | डा. अनुपमा श्रेष्ठ, हिमालयन कलेज अफ एग्रीकल्चर साइन्स एण्ड टेक्नोलोजी (हिकास्ट), काठमाण्डौ |

| | | |
|---|---|---|
| ९ | विज्ञान तथा प्रविधि युवा पुरस्कार | डा. सागर रेग्मी, व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकास्ट), त्रि.वि.वि. , किर्तिपुर, काठमाण्डौ |
| १० | विज्ञान तथा प्रविधि महिला पुरस्कार | डा. रेशमा तुलाधर, सुक्ष्मजीव विज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, काठमाण्डौ |
| ११ | प्रज्ञा प्रतिष्ठान विज्ञान तथा प्रविधि प्रवर्द्धन पुरस्कार | नेपाल विज्ञान शिक्षक समाज, काठमाण्डौ |
| १२ | प्रज्ञा प्रतिष्ठान विज्ञान तथा प्रविधि प्रवर्द्धन पुरस्कार | सुश्री मनिषा द्वा, नेपाल एस्ट्रोनोमिकल सोसाइटी, नेपाल |
| १३ | विज्ञान तथा प्रविधि पत्रकारिता पुरस्कार | श्री गोविन्द प्रसाद पोखरेल, कान्तिपुर दैनिक, काठमाण्डौ |
| १४ | दयानन्द बज्राचार्य अनुसन्धान पुरस्कार | सुश्री मिरा खड्का , काठमाण्डौ विश्वविद्यालय, धुलिखेल, काभ्रे |
| १५ | दयानन्द बज्राचार्य अनुसन्धान पुरस्कार | श्री प्रदीप कुमार चौधरी, जैविक प्रविधि केन्द्रीय विभाग, त्रि.वि.वि., किर्तिपुर |
| १६ | फणिन्द्र प्रसाद न्यौपाने अनुसन्धान पुरस्कार | श्री दिपेश दुवे, कृषि तथा वन विश्वविद्यालय, चितवन |
| १७ | विज्ञान शिक्षक पुरस्कार | श्री नातिकाजी महर्जन, श्री ज्ञानोदय माध्यमिक विद्यालय, बाफल, काठमाण्डौ |

पुरस्कारका लागी छनौट हुनुभएका महानुभाव तथा संस्थाहरुलाई यस प्रज्ञा प्रतिष्ठान हार्दिक बधाई ज्ञापन गर्दछ साथै उक्त व्यक्ति तथा संस्थाहरुले विज्ञान प्रविधि मार्फत राष्ट्रको सम्बृद्धिमा आगामी दिनमा अझ बढि योगदान पु-याउनु हुने समेत अपेक्षा गर्दछ।

धन्यवाद।


डा. सुरेश कुमार ढुंगेल

प्रवक्ता

सम्पर्क: ९८४१६३९१७७, skdhungel@hotmail.com